# १६ औं योजना
# (२०८१/८२ - २०८५/८६)

## सारांश पुस्तिका



*सम्पादन : विष्णु प्रसाद गौतम*


**पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)को समिक्षा :** ........ **4**

**दीर्घकालीन सोच, २१००** ........ **6**

**सोह्रौं योजना (२०८१/८२ — २०८५/८६) को सोच, उद्देश्य, रणनीति तथा रूपान्तरणका क्षेत्र** ........ **10**

सोच: “सुशासन, सामाजिक न्याय र समृद्धि” ........ 10

उद्देश्य ........ 10

समष्टिगत रणनीति ........ 10

संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र ........ 11

सोहौं योजनाका परिमाणात्मक लक्ष्य ........ 11

औद्योगिक वर्गीकरण अनुसार आर्थिक वृद्धिदरको लक्ष्य : ........ 14

औद्योगिक वर्गीकरण अनुसार क्षेत्रगत योगदानको लक्ष्य : ........ 15

सिमान्त पुँजी उत्पादन र कुल लगानी अनुमान (आ.व. २०७९/८० को स्थिर मुल्यमा) ........ 16

सार्वजनिक, निजि र सहकारी क्षेत्रबाट हुने लगानी (रु करोडमा) ........ 16

उपभोग, बचत र पुँजी निर्माणको अवस्था र लक्ष्य : ........ 17

विभिन्न क्षेत्रका सूचक र सोह्रौं योजनाका परिमाणात्मक लक्ष्यहरु ........ 19

**समष्टिगत आर्थिक आधारहरुको सबलीकरण र उच्च आर्थिक वृद्धि** ........ **30**

मुख्य सवाल र चुनौती ........ 30

रुपान्तरणकारी रणनीति ........ 30

प्रमुख कार्यक्रमहरु : ........ 31

**उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि** ........ **32**

मुख्य सवाल तथा चुनौति ........ 32


Aayog Tayari

रुपान्तरणकारी रणनीति....32
प्रमुख कार्यक्रम....32
**उत्पादनशील रोजगारी, मार्यादित श्रम र दिगो सामाजिक सुरक्षा....33**
मुख्य सवाल तथा चुनौतीहरु....33
रुपान्तरणकारी रणनीति....34
प्रमुख कार्यक्रम....34
**स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण....35**
मुख्य सवाल तथा चुनौती....35
रुपान्तरणकारी रणनीति....35
प्रमुख कार्यक्रम....36
**गुणस्तरीय भौतिक पूर्वाधार विकास एवं सघन अन्तर-आबद्धता....38**
मुख्य सवाल तथा चुनौती :....38
रुपान्तरणकारी रणनीति....39
प्रमुख कार्यक्रम....39
**योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा वस्ती विकास....40**
मुख्य सवाल तथा चुनौतीहरु....40
रुपान्तरणकारी रणनीति....41
प्रमुख कार्यक्रम....41
**लैंगिक समानता, सामाजिक न्याय तथा समावेशी समाज....41**
मुख्य सवाल तथा चुनौती....41
रुपान्तरणकारी रणनीति....42
प्रमुख कार्यक्रम....42
**प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढिकरण र सन्तुलन विकास....43**
मुख्य सवाल तथा चुनौतीहरु....43
रुपान्तरणकारी रणनीति....43
प्रमुख कार्यक्रम....44

Aayog Tayari

**गरिबी तथा ससमानता न्यूनीकरण र समतामूलक समाज निर्माण ..... 44**
मुख्य सवाल तथा चुनौतीहरु ..... 44
रुपान्तरणकारी रणनीति ..... 44
प्रमुख कार्यक्रम ..... 45
**प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि ..... 45**
मुख्य सवाल तथा चुनौतीहरु ..... 45
रुपान्तरणकारी रणनीति ..... 45
प्रमुख कार्यक्रम ..... 46
**शासकीय सुधार तथा सुशासन प्रवर्द्धन ..... 46**
मुख्य सवाल तथा चुनौती ..... 46
रुपान्तरणकारी रणनीति ..... 47
प्रमुख कार्यक्रम ..... 47
**जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र ..... 48**
मुख्य सवाल तथा चुनौतिहरु : ..... 48
रुपान्तरणकारी रणनीति ..... 48
प्रमुख कार्यक्रम ..... 49
**अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन ..... 49**
मुख्य सवाल तथा चुनौतीहरु : ..... 50
रुपान्तरणकारी रणनीति ..... 50
प्रमुख कार्यक्रमहरु : ..... 50
थप अध्ययन सामग्रीहरु : ..... 51

Aayog Tayari

## पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को समिक्षा :

दीर्घकालीन सोंच २१०० अन्तर्गत पहिलो पाँच वर्ष समृद्धिको आधार सिर्जना गर्ने लक्ष्यका साथ कार्यान्वयनमा ल्याइएको पन्ध्रौं योजनाको नतिजा **मिश्रित रहेको** छ। मूलतः चौधौं योजनाले तयार गरेको उच्च आर्थिक वृद्धिको आधार, सङ्घीयता कार्यान्वयनको शुरूवात, राजनीतिक स्थिरता, लामो समयदेखि कायम रहेको विद्युत लोड-सेडिङको अन्त्य तथा अक्सर भइरहने बन्द हड्तालको अन्त्यको पृष्ठभूमिमा पन्ध्रौं योजना अवधिमा औसत ९.६ प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिइएको थियो। पन्ध्रौं योजनाको पहिलो वर्षमा नै **कोभिड-१९** महामारीले देशको आर्थिक-सामाजिक अवस्थामा गम्भीर असर पारेका कारण **मुलुकको अर्थतन्त्र खुम्चिन पुग्यो**। सङ्क्रमण नियन्त्रणका लागि गरिएको बन्दाबन्दी र सामाजिक दूरी कायम गर्नुपर्ने व्यवस्थाले अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन तथा रोजगारी प्रभावित भई आर्थिक गतिविधि उल्लेख्यरूपमा घट्न पुग्यो, आपूर्ति श्रृङ्खता अवरुद्ध भयो र मुलुकको समग्र विकास प्रयास र उपलब्धिमा अपूरणीय क्षति पुग्यो। यसले गर्दा आ.व.२०७६/७७ मा आर्थिक वृद्धि २.४ प्रतिशतले त्रणात्मक रहन गयो। कोभिड-१९ महामारीको असरस्वरूप आर्थिक वर्ष २०७६/७७ मारु. २ खर्ब ८९ अर्ब र आर्थिक वर्ष २०७७/७८ मा रु. ३ खर्ब ३३ अर्ब बराबर कुल गार्हस्थ्य उत्पादनमा क्षति पुगेको, करिव ४ प्रतिशत विन्दुले गरिबी बढेको र सोअनुसार थप १२ लाख जनसङ्ख्या गरिबीको रेखामुनि पर्न गएको अनुमान गरिएको थियो। अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा सङ्कुचन आएको थियो।

'कोभिड-१९ सङ्क्रमणका कारण योजनाले तय गरेका लगानीका अल्पकालीन प्राथमिकताहरू फेरिए। महामारी नियन्त्रणका लागि स्वास्थ्य पूर्वाधारमा उल्लेखनीय लगानी बढाउँदा स्वास्थ्य सेवा प्रवाहको क्षमता वृद्धि हुन सक्यो। तर कोभिड-१९ कै कारण पूर्वाधार निर्माणका कार्यहरू रोकिए, जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरूको निर्माण रोकिन पुग्यो, शिक्षा क्षेत्रको सेवा प्रभावित भयो, जसले गर्दा यी क्षेत्रमा उल्लेख्य सङ्ख्यामा रोजगारी गुम्न पुग्यो। अर्कोतर्फ कोभिड-१९ ले सूचना तथा सञ्चार क्षेत्रमा एउटा महत्त्वपूर्ण अवसर सिर्जना गऱ्यो। इन्टरनेट सुविधामा विस्तार भई सरकारी, निजी सबै प्रकारका कारोबारमा पूर्ण वा आंशिक रूपमा विद्युतीय माध्यमको प्रयोग वृद्धि हुन पुग्यो। बन्दाबन्दीका कारण काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा धुलो र ध्वनि प्रदूषणमा न्यूनता आउनुका साथै यातायात क्षेत्रबाट हरित ग्यास उत्सर्जनमा कमी आएको थियो।

पन्ध्रौं योजना अवधिमा नै **रुस-युक्रेन बीचको द्वन्द्व**का कारण अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीमा अवरोध आउँदा वस्तु अभाव र पेट्रोलियम पदार्थ लगायतका आयातित वस्तुको मूल्य वृद्धि जस्ता असर देखापरे। मुलुकभित्र आन्तरिक राजनीतिक स्थिरता पनि अपेक्षाअनुसार कायम हुन सकेन। त्यसैगरी, वि.सं.२०८०

कार्तिकमा गएको भूकम्पले पश्चिम नेपालको जाजरकोट र रुकुम पश्चिम लगायतका जिल्लामा जनधनको क्षति पुर्यायो।

**समग्रमा, पन्ध्रौं योजनाले तय गरेका नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरूको कार्यान्वयन अपेक्षित रूपमा अघि बढ्न सकेनन्।** योजना अवधिमा ९.६ प्रतिशतको औसत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइएकोमा केवल २.६ प्रतिशतको औसत वृद्धि हासिल भएको छ। आर्थिक वर्ष २०८०/८१ मा आर्थिक वृद्धि ३.५ प्रतिशत र प्रतिव्यक्ति आय १४५६ अमेरिकी डलर रहेको प्रारम्भिक अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गए पनि उत्पादनमूलक उद्योगको योगदान बढ्न सकेको छैन। पन्ध्रौं योजनाको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्यपालन र उत्पादनमूलक उद्योगको योगदान क्रमशः २२.३ प्रतिशत र ६.५ प्रतिशत हुने अनुमान गरिएकोमा उक्त योगदान क्रमशः २४.१ प्रतिशत र ४.९ प्रतिशत रहेको छ भने कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। कृल गार्हस्थ्य उपभोगमा भएको वृद्धिका कारण राष्ट्रिय बचत पनि लक्ष्य भन्दा न्यून रहने देखिएको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादन र कुल स्थिर पुँजी लगानी बीचको अनुपात योजनाको अन्त्यसम्ममा ४१.६ प्रतिशत पुन्याउने लक्ष्य लिइएकोमा आर्थिक वर्ष २०८०/८१ मा सो अनुपात २४.५ प्रतिशत मात्र रहेको छ।

सार्वजनिक वित्ततर्फ सरकारको **आम्दानी तथा खर्चको प्रगति लक्ष्य भन्दा न्यून रहेको** छ। यस अवधिमा पुँजीगत खर्च अपेक्षित रूपमा बढ्न सकेको छैन। पन्ध्रौं योजनाको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल सरकारी खर्च तथा राजस्व क्रमशः ४३.३ प्रतिशत र ३० प्रतिशत पुग्ने अनुमान रहेकोमा आर्थिक वर्ष २०७९/८० मा उक्त अनुपात क्रमशः २६.७ प्रतिशत र १७.९ प्रतिशत रहेको छ।

पन्ध्रौं योजनाको शुरू अवधिमा मुद्रास्फीति अपेक्षित रूपमा न्यून रहेकोमा आर्थिक वर्ष २०७९/८० मा वार्षिक औसत मुद्रास्फीति ७.७ प्रतिशत रहन पुग्यो। योजना अवधिमा व्यापार घाटा उच्च हुनुका साथै चालु खाता समेत उच्च दबावमा रहन पुग्यो। वस्तु र सेवाको निर्यात र आयातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात पन्ध्रौं योजनाको अन्त्यसम्ममा क्रमशः १५ प्रतिशत र ४९ प्रतिशत रहने लक्ष्य रहेकोमा यो अनुपात क्रमशः ७.० प्रतिशत र ३४.७ प्रतिशत कायम भएको छ। मुलुकभित्र लगानीको माग पूरा गर्न वैदेशिक लगानीलाई एउटा आधारका रूपमा अगाडि बढाउन खोजिएको भए तापनि पन्ध्रौं योजना अवधिमा सोअनुरूप वैदेशिक लगानी आउन सकेन।

कुल गार्हस्थ्य उत्पादनमा कुल वैदेशिक लगानीको अनुपात ३ प्रतिशत हुने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७९/८० मा सो अनुपात ०.२ प्रतिशत मात्र रहेको थियो। यसरी **अर्थतन्त्रको कमजोर उत्पादन क्षमता, बढ्दो उपभोगको प्रवृत्ति, चालु खाता घाटा, विदेशी मुद्राको सञ्चितिमा दवाब जस्ता कारणहरूले अर्थतन्त्रको बाहा क्षेत्र व्यवस्थापनमा चुनौती थपिएको**मा योजनाको अन्तिम वर्ष २०८०/८१ मा आइपुग्दा जलविद्युत उत्पादन, पर्यटक आगमन, विप्रेषण आप्रवाह तथा विदेशी विनिमय सञ्चिति वृद्धि हुँदै गएको छ।

Aayog Tayari

# दीर्घकालीन सोच, २१००

**दीर्घकालीन सोचः**

"समृद्ध नेपाल, सुखी नेपाली"
समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक वसोवास गर्ने मुलुक ।

**दीर्घकालीन राष्ट्रिय लक्ष्यः**

| १. समृद्धि | २. सुख |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर- आबद्धता<br>१.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>१.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व<br>१.४ उच्च र समतामूलक राष्ट्रिय आय | २.१ परिष्कृत तथा मर्यादित जीवन<br>२.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज<br>२.३ स्वस्थ र सन्तुलित पर्यावरण<br>२.४ सुशासन<br>२.५ सबल लोकतन्त्र<br>२.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्य र पछिल्लो प्रगति अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | राष्ट्रिय लक्ष्य, गन्तब्य र सूचक | एकाइ | आ.व. ०७५/७६ को स्थिति | आ.व. २०७९/८० को प्रगति | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ३.५ | १०.५ |
| २. | प्रतिव्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १४५६ | १२१०० |
| ३. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | २०.३ | ० |
| ४. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.३१० | ०.२४० | ०.२५० |
| ५. | श्रमशक्ति सहभागिता दर (१५ बर्ष माथि) | प्रतिशत | ३८.५ | ३८.५ | ७२ |

Aayog Tayari

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ३६.५ | ७० |
| ७. | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | १२५० | २८७७ | ४०,००० |
| ८. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ८२ | ८५ | ९९ |
| ९. | राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग | कि.मी. | ७,८९० | १४,७५५ | ३६००० |
| १०. | इन्टरनेटमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ६५.९ | ६९.२ | १०० |
| ११. | अपेक्षित आयु (जन्म हुँदाको) | बर्ष | ६९.७ | ७०.५ | ८० |
| १२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | १५१ | २० |
| १३. | पाँच बर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३९ | ३३ | ८ |
| १४. | साक्षरता दर (५ बर्ष माथि) | प्रतिशत | ६५.९ | ७६.३ | ९९ |
| १५. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १२ | ३२ | ४० |
| १६. | उच्च मध्यमस्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २१ | २५.८ | ९५ |
| १७. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | ३२ | १०० |
| १८. | लैंगिक विकास सूचकांक | सूचकांक | ०.८९७ | ०.८८५ | ०.९९ |
| १९. | मानव विकास सूचकांक | सूचकांक | ०.५७९ | ०.६०१ | ०.७६० |

## १.४ विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरू

हालसम्मको योजनाबद्ध विकास प्रयासबाट प्रापत उपलब्धिको अवस्था तथा पन्ध्रौं योजनाको प्रगति समीक्षा समेतका आधारमा विकास प्रयासमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरूलाई देहायबमोजिम पहिचान गरिएको छः

१. निरन्तरको न्यून आर्थिक वृद्धि, अर्थतन्त्रमा संरचनागत समस्या, उत्पादनमूलक उद्योग क्षेत्रको सङ्कुचन र द्वितीय क्षेत्रको घट्दो योगदान; प्राथमिक र ड्वितीय क्षेत्रको दरिलो आधार बिनाको तृतीय क्षेत्रको विस्तार,

२. न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिस्पर्धी क्षमता; कृषि प्रतिको बढ्दो विकर्षण र आधारभूत खाद्य पदार्थमा समेत परनिर्भरता,
३. उपभोगमुखी आयात तथा न्यून निर्यात क्षमता र उच्च व्यापार घाटा,
४. आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन,
५. सामाजिक सुरक्षाका छरिएका कार्यक्रम, बढ्दो दायित्व, कमजोर व्यवस्थापन र न्यून सुरक्षा अनुभूति,
६. उत्पादन प्रणालीसँग नजोडिएको शिक्षा प्रणाली; उच्च शिक्षामा गुणस्तर तथा समयनिष्ठताको समस्याः कमजोर मानव स्रोत व्यवस्थापन,
७. आधारभूत स्वास्थ्य सेवामा समेत आम नागरिकको न्यून पहुँच भएको कमजोर सार्वजनिक स्वास्थ्य प्रणाली,
८. पूर्वाधारहरूको आवश्यकता र आपूर्ति बीचको बेमेल, दिगो पूर्वाधार विकासका आयामहरूको कमजोर व्यवस्थापन एवम् निर्मित भौतिक पूर्वाधारको न्यून गुणस्तर,
९. भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको प्रयोगमा न्यूनता र बढ्दो सुरक्षा चुनौती,
१०. शहरी पूर्वाधार तथा सेवा सुविधाको माग र आपूर्ति बीचमा फराकिलो खाडल एवम् अव्यवस्थित शहरीकरण, प्रभावकारी हुन नसकेको एकीकृत बस्ती विकास तथा स्थानान्तरण कार्यक्रम,
११. महिला, बालबालिका, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायमा हिंसाको स्वरूप परिवर्तन, आर्थिक-सामाजिक-सांस्कृतिक विभेद र परम्परागत सोचको निरन्तरता,
१२. समावेशीकरण सम्बन्धित नीति, अभ्यास र नतिजा बीचको खाडल,
१३. कमजोर तहगत अन्तरसम्बन्ध, सबल सङ्घीय शासन प्रणाली मार्फत समावेशी, समन्यायिक एवम् सन्तुलित प्रादेशिक विकास हासिल गर्ने दिशामा न्यून प्रगति,
१४. सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता वीचको खाडल; आयातमा आधारित राजस्वको ठूलो हिस्सा; अनिश्चयपूर्ण सार्वजनिक वित्त प्रणालीसँगै वित्तीय सङ्घीयता कार्यान्वयनमा चुनौती,
१५. न्यून पुँजीगत विनियोजन तथा न्यून खर्च क्षमता; पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब; लागतको तुलनामा न्यून प्रतिफल,
१६. सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोतसाधनको परिचालन; परिचालित वित्तीय स्रोतसाधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको,
१७. बजार प्रतिस्पर्धाको कमजोर अवस्था; अनौपचारिक कारोबार र राजस्व एवम् पुँजी चुहावटमा बृद्धि; तरलता, मूल्य र आपूर्तिमा अस्वभाविक उतार-चढाव;
१८. सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रति नागरिकको गुनासो; भ्रष्टाचार नियन्त्रण, सामाजिक न्यायको प्रत्याभूति र शीघ्र न्याय निरूपण गर्ने चुनौती,

Aayog Tayari

१९. वातावरणमाथि उच्च दवाव; जलवायु परिवर्तनका असर न्यूनीकरण एवम् उत्थानशील विकास र हरित अर्थतन्त्र अवलम्बन गर्ने चुनौती,

२०. विकासशील मुलुकमा स्तरोन्नतिबाट सिर्जना हुने उपलब्धिसँगै आइपर्ने चुनौतीको व्यवस्थापन; दिगो विकास लक्ष्यका लागि आवश्यक स्रोत व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयन ।

Aayog Tayari

# सोह्रौं योजना (२०८१/८२ – २०८५/८६) को सोच, उद्देश्य, रणनीति तथा रूपान्तरणका क्षेत्र

## सोचः "सुशासन, सामाजिक न्याय र समृद्धि"

दीर्घकालीन सोच २१०० ले तय गरेका समृद्धि र सुखका मुलभूत तत्वहरूलाई आत्मसात गर्दै सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि"को सोच राखेको छ। सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ। सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ। सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ ।

## उद्देश्य

आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु सोह्रौं योजनाको मूल उद्देश्य हो। यसका लागि योजनाले तय गरेको सोचबमोजिम क्षेत्रगत रूपमा योजनाको प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

१. राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा **सुशासन** कायम गर्न,
२. स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहमा **सामाजिक न्याय** स्थापित गर्नु,
३. मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा **समृद्धि** हासिल गर्न ।

## समष्टिगत रणनीति

अर्थतन्त्रको संरचनागत रूपान्तरण मार्फत द्रुत विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु नै सोह्रौं योजनाले अवलम्बन गर्ने मुख्य रणनीति हो। यस क्रममा संरचनागत रूपान्तरणका 'लागि पहिचान गरिएका क्षेत्रमा अवलम्बन गरिने समष्टिगत रणनीति निम्नानुसार रहेका छन्ः

१. विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
२. संघ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदार वीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजवुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने।
३. विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने ।

४. अध्ययन, अनुसन्धान तथा तथ्य र प्रमाणमा आधारित नीति निर्माण एवम् विकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

## संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र

१. समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि
२. उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि
३. उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा
४. स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण
५. गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आवद्धता
६. योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास
७. लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज
८. प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास
९. गरिवी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण
१०. प्रभावकारी वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि
११. शासकीय सुधार तथा सुशासन प्रवर्द्धन
१२. जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र
१३. अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन ।

## सोहौं योजनाका परिमाणात्मक लक्ष्य

### सुशासनका राष्ट्रिय लक्ष्य

| क्र.स. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.८० |
| २. | विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ५२ | ६५ |
| ३. | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३५ | ४३ |
| ४. | विद्युतीय सरकार विकास सूचकाङ्क | सूचकाङ्क | ०.५१२ | ०.६०० |
| ५. | निर्वाचनमा मतदाताको सहभागिता | प्रतिशत | ६२ | ८५ |
| ६. | अदालतमा दर्ता भएका मुद्धाको फछ्यौंट | प्रतिशत | ६४ | ७५ |

| | | | | |
|---|---|---|---|---|
| ७. | कुल विनियोजनमा खर्चको अनुपात | प्रतिशत | ८० | ९० |
| ८. | बेरुजू (GDP को अनुपातमा) | प्रतिशत | १०.९ | ५ |
| ९. | राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ६३.४ | ९० |
| १०. | पाँच बर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | १०० |

## सामाजिक न्यायका राष्ट्रिय लक्ष्य

| क्र.स. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | असमानता समायोजित मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.४२४ | ०.६०० |
| २. | उपभोगमा आधारित जिनी गुणक | गुणक | ०.३०० | ०.२८० |
| ३. | सम्पत्तिमा आधारित जिनी गुणक | गुणक | ०.२४ | ०.२२ |
| ४. | उच्च खाद्य असुरक्षाको स्थितिमा तहेका परिवार | प्रतिशत | १.३ | १ |
| ५. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | ३२ | ६० |
| ६. | लैंगिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९६७ |
| ७. | लैंगिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४९५ | ०.२२५ |
| ८. | रोजगारीमा महिला र पुरुषको सहभागिता | अनुपात | १:१.७ | १:१.२ |
| ९. | बाध्यकारी श्रमको दर (१५ बर्ष वा सो भन्दा माथि) | प्रति हजार | १.२ | ० |
| १०. | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता गरेका परिवार | प्रतिशत | २३.८ | ३५ |

Aayog Tayari

**समृद्धिका राष्ट्रिय लक्ष्य :**

| क्र.स. | सूचक | एकाइ | आ.व. २०७९/८० को स्थिति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (आधारभूत मुल्यमा) | प्रतिशत | ३.५ | ७.३ |
| २. | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २३५१ |
| ३. | गरिबीको रेखामुनी रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२ |
| ४. | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५ |
| ५. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.६५० |
| ६. | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७८ |
| ७. | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २४ |
| ८. | साक्षरता दर (५ बर्ष भन्दा माथि) | प्रतिशत | ७६.२ | ८५.० |
| ९. | अपेक्षित आयु (जन्म हुँदाको) | बर्ष | ७१.३ | ७३.० |
| १०. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| ११. | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको परिवार | प्रतिशत | २५.८ | ४५ |
| १२. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ५ |
| १३. | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४. | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बालि) | मे.ट. प्रति हेक्टर | ३.३ | ३.७ |
| १५. | बैंक तथा वित्तीय संस्था पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |
| १६. | सडक घनत्व | कि.मी. प्रति व.कि.मी. | ०.६३ | ०.७७ |

Aayog Tayari

| | | | | |
|---|---|---|---|---|
| १७. | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक उर्जा जडित क्षमता) | मेगावाट | २९६२ | ११७६९ |
| १८. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १९. | विद्युतमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९६.७ | १०० |
| २०. | इन्टरनेटमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | ९० |

## औद्योगिक वर्गीकरण अनुसार आर्थिक वृद्धिदरको लक्ष्य :

| मुख्य क्षेत्र | औद्योगिक वर्गीकरण अनुसार | वृद्धिदर (०७९/८०) | योगदान (०८०/८१) | लक्ष्य ०८५/८६ |
|---|---|---|---|---|
| प्राथमिक | समग्र प्राथमिक क्षेत्र | २.७ | ३.० | ४.३ |
| | कृषि,वन र मत्स्यपालन | २.८ | ३.० | ४.१ |
| | खानी तथा उत्खनन | १.० | २.३ | ११.६ |
| द्वित्तीय | समग्र द्वित्तीय क्षेत्र | १.४ | १.२ | १२.४ |
| | उत्पादनमूलक उद्योग | -२.० | -१.६ | ९.९ |
| | विद्युत,ग्यास,वाष्प वातानुकुलित आपूर्ति सेवा | १९.९ | १७.४ | १९.७ |
| | पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुन उत्पादनका क्रियाकलाप | ३.२ | २.८ | ८.० |
| | निर्माण | -१.१ | -२.१ | ११.४ |
| तृतीय (सेवा) | समग्र सेवा क्षेत्र | २.४ | ४.५ | ७.२ |
| | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | -३.० | ०.२ | ७.८ |
| | यातायात तथा भण्डारण | १.४ | ११.९ | ७.२ |
| | आवास तथा भोजन सेवा | १८.० | २१.८ | ११.२ |
| | सूचना तथा संचार | ४.२ | ४.९ | ११.२ |
| | वित्तीय तथा बिमाका क्रियाकलापहरु | ७.३ | ७.८ | ७.८ |
| | घरजग्गा कारोबारको सेवा | २.२ | ३.० | ७.३ |
| | पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाहरु | ३.९ | ४.१ | ५.९ |

Aayog Tayari

| | | | | |
|---|---|---|---|---|
| | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ५.० | ४.० | १०.० |
| | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक शान्ति सुरक्षा | ५.७ | ४.५ | ५.५ |
| | शिक्षा | ३.९ | २.७ | ५.३ |
| | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६.६ | ५.५ | ६.२ |
| | अन्य सेवाका क्रियाकलाप | ५.१ | ४.२ | ५.५ |
| कुल ग्राहस्थ उत्पादन आधारभूत मुल्यमा | | २.३ | ३.५ | ७.३ |

**माथि उल्लेखित आर्थिक वृद्धिदर हाँसिल गर्न सकेमा २०८५/८६ मा नेपालको GDP**

- ८० खर्ब १९ अर्ब ७६ करोड (२०७९/८० को मुल्यमा)
- १०३ खर्ब ७ अर्ब ३२ करोड (प्रचलित मुल्यमा

## औद्योगिक वर्गीकरण अनुसार क्षेत्रगत योगदानको लक्ष्य :

| मुख्य क्षेत्र | औद्योगिक वर्गीकरण अनुसार | योगदान (०७९/८०) | योगदान (०८०/८१) | लक्ष्य ०८५/८६ |
|---|---|---|---|---|
| प्राथमिक | समग्र प्राथमिक क्षेत्र | २४.४ | २४.६ | २१.४ |
| | कृषि,वन र मत्स्यपालन | २३.९ | २४.१ | २१.० |
| | खानी तथा उत्खनन | ०.५ | ०.५ | ०.५ |
| द्वित्तीय | समग्र द्वित्तीय क्षेत्र | १३.१ | १२.५ | १५.२ |
| | उत्पादनमूलक उद्योग | ५.२ | ४.९ | ५.४ |
| | विद्युत,ग्यास,वाष्प वातानुकुलित आपूर्ति सेवा | १.६ | १.८ | ३.१ |
| | पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुन उत्पादनका क्रियाकलाप | ०.५ | ०.४ | ०.५ |
| | निर्माण | ५.९ | ५.४ | ६.२ |
| तृतीय (सेवा) | समग्र सेवा क्षेत्र | ६२.५ | ६२.९ | ६३.४ |
| | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | १४.१ | १३.८ | १४.० |

Aayog Tayari

| | | | | |
|---|---|---|---|---|
| | यातायात तथा भण्डारण | ६.७ | ७.३ | ८.१ |
| | आवास तथा भोजन सेवा | २.० | २.४ | ३.३ |
| | सूचना तथा संचार | २.० | १.९ | २.१ |
| | वित्तीय तथा बिमाका क्रियाकलापहरु | ७.० | ६.८ | ६.९ |
| | घरजग्गा कारोबारको सेवा | ८.२ | ८.३ | ७.३ |
| | पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाहरु | १.० | १.० | ०.९ |
| | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.७ | ०.७ | ०.८ |
| | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक शान्ति सुरक्षा | १०.० | ९.६ | ९.७ |
| | शिक्षा | ८.३ | ८.५ | ७.८ |
| | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.९ | १.९ | १.८ |
| | अन्य सेवाका क्रियाकलाप | ०.६ | ०.६ | ०.५ |

## सिमान्त पुँजी उत्पादन र कुल लगानी अनुमान (आ.व. २०७९/८० को स्थिर मुल्यमा)

| क्षेत्र | अनुमानित सिमान्त पुँजी उत्पादन अनुपात | योजना अवधिको जम्मा लगानी रु करोडमा |
|---|---|---|
| प्राथमिक क्षेत्र | २.९९ | ७३६६१ |
| द्वित्तीय क्षेत्र | ६.८० | २६९३१९ |
| तृतीय (सेवा) क्षेत्र | ४.५० | ६०५२८६ |
| सबै क्षेत्र | ४.७७ | ९४८२६६ |

## सार्वजनिक, निजि र सहकारी क्षेत्रबाट हुने लगानी (रु करोडमा)

| लगानीका क्षेत्र | सार्वजनिक | | निजि | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिक | २०२४१ | २६.९ | ५१०१६ | ६७.८ | ३९८८ | ५.३ | ७५२४५ | १०० |

Aayog Tayari

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| द्वितीय क्षेत्र | ११९३९१ | ४१.९ | १६०४२३ | ५६.३ | ५१२९ | १.८ | २८४९४३ | १०० |
| तृतीय (सेवा) क्षेत्र | १४९३७२ | २५.४ | ४२४००४ | ७२.१ | १४७०२ | २.५ | ५८८०७८ | १०० |
| सबै क्षेत्र | २८६३७६ | ३०.२ | ६३७२३५ | ६७.२ | २४६५५ | २.६ | ९४८२६६ | १०० |

## उपभोग, बचत र पुँजी निर्माणको अवस्था र लक्ष्य :

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| कुल ग्राहस्थ उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९२.६ | ९२.४ | ९१.५ |
| कुल ग्राहस्थ बचत (GDP को तुलनामा) | प्रतिशत | ७.४ | ७.६ | ८.२ |
| कुल राष्ट्रिय बचत | प्रतिशत | ३३.८ | ३६.२ | ३९.० |
| कुल स्थिर पुंजी निर्माण | प्रतिशत | २५.१ | २४.५ | २८.६ |
| कुल स्थिर पुंजी निर्माणमा सरकारी क्षेत्रको हिस्सा | प्रतिशत | ३५.५ | ३५.७ | ३०.२ |
| कुल स्थिर पुंजी निर्माणमा निजि क्षेत्रको हिस्सा | प्रतिशत | ६४.५ | ६४.३ | ६९.८ |
| GDP को अनुपातमा संघीय राजश्व परिचालन | प्रतिशत | १८.९ | २१.१ | २३.५ |
| GDP को अनुपातमा संघीय खर्च | प्रतिशत | २३.७ | २६.८ | २९.१ |
| GDP को तुलनामा तिर्न बाँकी सार्वजनिक ऋण | प्रतिशत | ४३.० | ४०.३ | ३९.० |
| GDP को तुलनामा संघीय वित्त हस्तान्तरण | प्रतिशत | ६.९ | ९.३ | ८.० |
| मौद्रिक र वित्तीय क्षेत्रका प्रभाव सूचकहरु | | | | |
| उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ६.० | ५.० |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८०/८१ को अनुमान | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| विस्तृत मुद्रा प्रदाय वृद्धिदर | प्रतिशत | ११.४ | १३.० | १३.० |
| बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ६५ | ८० |
| बैंक तथा वित्तीय संस्थाबाट निजि क्षेत्रमा कर्जा प्रवाह वृद्धिदर | प्रतिशत | ३.८ | ११.५ | १४.० |
| बाह्य क्षेत्र | | | | |
| GDP को अनुपातमा व्यापार घाटा | प्रतिशत | २७.७ | २५.८ | २२.५ |
| GDP को अनुपातमा निर्यात | प्रतिशत | ७.० | ७.९ | ८.५ |
| GDP को अनुपातमा आयात | प्रतिशत | ३४.७ | ३३.७ | ३१.० |
| चालु खाता सन्तुलन (रु अरबमा) | रु अर्ब | -७२ | +१५० | +१७० |
| शोधनान्तर स्थिति | रु अर्ब | २९० | ३०० | २०० |
| विदेशी विनिमय सन्चिती पप्रयाप्तता | महिना | १० | ११ | ७ |
| अनौपचारिक अर्थतन्त्र | | | | |
| कुल आर्थिक प्रतिष्ठान मध्ये आधिकारिक निकायमा दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४९.५ | ६० | ८५ |
| कुल आर्थिक प्रतिष्ठान मध्ये कारोबार लेखा राख्ने प्रतिष्ठान | प्रतिशत | ५२.० | ५८.० | ८८ |
| स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाता | हजार | ५५५४ | ५८०० | ८०००० |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ६२.२ | ५५.० | ४०.० |

Aayog Tayari

## विभिन्न क्षेत्रका सूचक र सोह्रौं योजनाका परिमाणात्मक लक्ष्यहरु

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| उद्योग वाणिज्य तथा आपूर्ति | | | |
| GDP मा वस्तु तथा सेवा आयातको अनुपात | प्रतिशत | ३४.७ | ३१ |
| GDP मा वस्तु तथा सेवाको निर्यातको अनुपात | प्रतिशत | ७.० | ८.५ |
| आन्तरिक व्यापारको ट्रेड मार्जिन | प्रतिशत | ११.६ | १० |
| निर्यात आयात अनुपात | प्रतिशत | १:१०.३ | १:८.५ |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | | | |
| बार्षिक पर्यटन आगमन | संख्या लाखमा | ८.२ | २५ |
| पर्यटकको औसत बसाई अवधि | दिन | १३.१ | १५ |
| प्रति पर्यटक प्रतिदिन औसत खर्च | अमेरिकी डलर | ४०.५ | ८५ |
| कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.० | ७.० |
| ब्रामण तथा पर्यटन प्रतिस्पर्धी सुचाकंक | सूचकांक | ३.३ | ४ |
| द्विपक्षीय हवाई सम्झौता भएका मुलुक | संख्या | ४० | ४८ |
| श्रम तथा रोजगारी | | | |
| रोजगारीको संख्या | हजार | ९३१ | १५०० |
| श्रम उत्पादकत्व | रु. हजार | २४५ | ४०० |
| रोजगरीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० |
| श्रमशक्ति सहभागिता दर (१५ बर्ष माथि) | प्रतिशत | ३८.५ | ५० |
| श्रम अडीट गर्ने प्रतिष्ठानको संख्या (बार्षिक) | हजार | ३.४ | ३० |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| वैदेशिक रोजगारीमा जाने सिपयुक्त जनसंख्या | प्रतिशत | ७३.७३ | ८० |
| सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान तथा रोजगारदाताको संख्या | हजारमा | १८ | ६० |
| सामाजिक सुरक्षा कोषमा आवद्ध लाभग्राहीको संख्या | हजारमा | ६५० | २५०० |
| सुचिकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगारी पाउने व्यक्ति (बार्षिक) | हजारमा | ९१.६ | २०० |
| श्रम सम्झौता भएका गन्तव्य मुलुक | संख्या | ३२ | ६० |
| पुनः एकीकरण कार्यक्रमबाट लाभान्वित हुने व्यक्तिको संख्या (बार्षिक) | हजारमा | - | १०० |
| बेरोजगारी दर | प्रतिशत | ११.४ | ५ |
| स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण | | | |
| मातृ मृतुदर (प्रति लाख जीवित जन्ममा) | जना | १५१ | ८५ |
| नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २१ | १३ |
| ५ बर्ष मुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | २२ |
| ५ बर्ष मुनिका बालबालिकाको पुड्कोपनको अवस्था | प्रतिशत | २५.० | १७ |
| सडक दुर्घटनाका कारण ज्यान गुमाउने व्यक्तिको संख्या (प्रति १ लाख जनसंख्यामा) | जना | ९.५ | ५.० |
| पूर्ण खोप पाउने बालबालिका | प्रतिशत | ८० | ९० |
| स्वास्थ्यकर्मी उत्पादन (प्रति हजार जनसंख्यामा) | जना | १.९४ | ४.६४ |
| स्वास्थ्य बिमामा आवद्ध जनसंख्या | प्रतिशत | २१ | ७० |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| स्वास्थ्य बिमा कार्यक्रम नवीकरण दर | प्रतिशत | ६९ | ९० |
| ३० मिनेटको दुरीमा स्वास्थ्य संक्स्था भएका घरधुरी | प्रतिशत | ७७ | ८६ |
| ५ बर्ष मुनिका बच्चाहरु मध्ये जन्मदर्ता गरिएका बालबालिका | प्रतिशत | ७४ | १०० |
| शिक्षा तथा सिप विकास | | | |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | १०० |
| आधारभूत तहमा १-८ मा पुरा गर्ने दर | प्रतिशत | ७७.१ | १०० |
| माध्यमिक तहको कक्षा १२ मम्म पुग्ने दर | प्रतिशत | ३५.६ | ५५.० |
| उच्च शिक्षाको प्राविधिक विषयमा विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा | प्रतिशत | २०.७ | ३० |
| उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १७.७७ | २५ |
| ५ बर्ष र सो भन्दा माथिको साक्षरता दर | प्रतिशत | ७६.२ | ९५ |
| शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | १०० |
| विज्ञान र प्रविधि | | | |
| अनुसन्धान तथा प्रविधि विकासमा कुल ग्राहस्थ उत्पादनको अनुपातमा राष्ट्रिय लगानी | प्रतिशत | ०.३५ | १ |
| राष्ट्रिय/अन्तराष्ट्रिय पेटेन्ट दर्ता | संख्या | ८६ | ५०० |
| नास्टका अनुसन्धान केन्द्रहरु विस्तार | संख्या | ० | २५० |
| स्वंसेवी कार्यमा सहभागी युवा स्काउट | संख्या | २५० | ७०० |
| स्वरोजगार उद्यम / व्यवसाय संचालन गर्ने युवा | संख्या | १०४ | १००० |
| सबै प्रदेशमा अन्तराष्ट्रिय सुविधा सम्पन्न रंगशाला निर्माण | संख्या | १ | ७ |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| अन्तराष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट रंगशाला | संख्या | ० | ७ |
| यातायात क्षेत्र | | | |
| राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) | कि.मी. | ७६७५ | १३६७५ |
| राष्ट्रिय राजमार्ग (दुई लेन माथि कालोपत्रे, द्रुतमार्ग समेत) | किमी | २३० | १०८० |
| सुरुङ्ग मार्ग निर्माण | किमी | ६.९१८ | १६.६५४ |
| सडक पुल निर्माण | संख्या | ३२१७ | ५०१७ |
| रेल ट्र्याकवेड निर्माण | किमी | ५९ | २०९ |
| रेलवे पुल निर्माण (बर्दिबास-निजगढ खण्ड) | संख्या | १० | १६ |
| संचालित कार्गो रेलमार्ग | कि.मी. | १० | १७ |
| संचालित यात्रुबाहक रेलमार्ग | कि.मी. | ५२ | ६९ |
| उर्जा क्षेत्र | | | |
| विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | २८७७ | ११७६९ |
| विद्युत पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९६.७ | १०० |
| प्रतिव्यक्ति विद्युत खपत | किलोवाट घण्टा | ३८० | ७०० |
| विद्युत चुहावट | प्रतिशत | १३.४६ | १०.८० |
| प्रसारण लाइन (६६ के.भी. तथा सो भन्दामाथि) | सर्किट किमी | ५७४२ | ९३५६ |
| वितरण लाइन (३३ के.भी) | कि.मी. | ७२३७ | ११६८२ |
| रोजगारी सिर्जना | संख्या | ९६ | ४०० |
| कुल जडित क्षमतामा नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | ४.६९ | १० |
| रोयल्टी संकलन | अर्ब | २७ | ६१ |
| विद्युत निर्यात | मेगावाट आवर | ४५० | ५५०० |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| विद्युत निर्यात मार्फत वैदेशिक मुद्रा आर्जन | अर्ब | ९ | ४१ |
| समग्र व्यापार घाटा कम गर्न उर्जा क्षेत्रको योगदान | प्रतिशत | ०.९ | ४ |
| नविकरणीय उर्जा तथा उर्जा दक्षता | | | |
| लघु तथा साना जलविद्युत आयोजनाबाट विधुत उत्पादन | मे.वा. | ३८.८४ | ४८.८४ |
| सौर्य तथा वायु उर्जाबाट विद्युत उत्पादन | मे.वा. | ४५.९० | ९५.०० |
| घरायसी बायोग्यास प्लान्ट | संख्या हजारमा | ४४९.३५१ | ५००.०० |
| सुधारिएको चुलो जडान | संख्या हजारमा | १४४.९८ | ६४५.०० |
| सिचाई क्षेत्र | | | |
| सतह सिँचाईबाट सिंचित | हेक्टर | १०२२७३५ | ११२२७३५ |
| भूमिगत सिंचाईबाट सिंचित क्षेत्रफल | हेक्टर | ५३०६५४ | ६४३१५४ |
| लिफ्ट र जलाशय सिचाईबाट सिंचित क्षेत्रफल | हेक्टर | २११९ | २७११९ |
| बर्षभरि सिंचाई सुविधा पुगेको कुल सिंचित क्षेत्र | प्रतिशत | २५ | ५० |
| जल तथा मौसम | | | |
| जल तथा मौसम पूर्वानुमान अवधि | दिन | ३ | ७ |
| बाढी पूर्वसूचना प्रणालीमा पहूँच भएको क्षेत्र | वर्ग कि.मी. | २७५०० | ४५००० |
| प्रभावमा आधारित मौसम पूर्वानुमान सेवामा पहुँच भएका स्थानीय तह | संख्या | ८ | २० |
| मासिक तथा त्रैमासिक जलवायु पूर्वानुमान सेवा | संख्या | ० | १२ |
| संचार तथा सूचना प्रविधि | | | |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| भू-उपग्रह स्थापना | संख्या | ० | १ |
| टेलिफोन पहुँच विस्तार | प्रतिशत | ९४ | १०० |
| अप्टिकल फाइबर विस्तार | किमी | १५००० | २५००० |
| फोर जी/एल.टि.ई. सेवा प्रयोगकर्ता | प्रतिशत | ६६ | १०० |
| फिक्स्ड ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | ३८ | ६० |
| मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार | प्रतिशत | ९३ | १०० |
| 5G सेवाको पहुँच पुगेको जनसंख्या | प्रतिशत | ० | ५० |
| सरकारी डाटा सेन्टर | संख्या | १ | ७ |
| रेडियोको पहुँच | प्रतिशत | ९२ | १०० |
| टेलिभिजनको पहुँच | प्रतिशत | ७२ | १०० |
| एक्सप्रेस मेल सर्भिस सेवा विस्तार | जिल्ला | ४४ | ७७ |
| एक्सप्रेस मेल सर्भिस सेवा विस्तार भएका मुलुक | संख्या | ३९ | ७५ |
| एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली लागु भएका सरकारी कार्यालय | संख्या | २८ | ६०० |
| सुरक्षण मुद्रण प्रेस स्थापना | संख्या | - | १ |
| सूचना प्रविधिबाट भएको रोजगारी सिर्जना | संख्या (हजार) | - | २५० |
| कुल ग्राहस्थ उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान | प्रतिशत | - | ५ |
| डिजिटल साक्षरता | प्रतिशत | - | ५० |
| विद्युतीय सरकार विकास सूचक | सूचकांक | ०.५१ | ०.६५ |
| ग्लोबल साइबर सुरक्षा सूचकांक | सूचकांक | ४४.९९ | ६० |
| डिजिटल प्लेटफर्ममा आवद्ध सूचना प्रविधि प्रणाली | संख्या | - | १०० |
| पूर्वाधार विकास | | | |
| रणनीतिक शहरी सडक निर्माण तथा विस्तार | किमी | ३१०२ | ५६०० |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| व्यवस्थित योजनाबद्ध वस्ती विकास | हेक्टर | २९६ | १०३०० |
| रणनीतिक महत्वका बसपार्क निर्माण | संख्या | ३ | १४ |
| लक्षित वर्ग तथा विपदबाट विस्थापितका लागि आवास निर्माण | संख्या | ३५५३ | ५०,००० |
| राष्ट्रिय भवन संहिता कार्यान्वयन भएका नगरपालिका | संख्या | - | २९३ |
| सरकारी कार्यालय भवन प्रवालिकरण तथा नयाँ निर्माण | संख्या | २०९ | ५०० |
| स्मार्ट शहर निर्माण | संख्या | - | १३ |
| आधुनिक एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र था स्यानिटरी ल्याण्डफिल्ड साइट निर्माण | संख्या | १ | १७ |
| वैकल्पिक सहायक राजमार्ग तथा रणनीतिक सडक कालोपत्रे | कि.मी. | ४,६९६ | ६२०० |
| सडकको आवधिक मर्मत सम्भार | कि.मी. | ४,६९३ | ६७०० |
| बार्हैमहिना संचालन योग्य प्रादेशिक तथा स्थानीय सडक संजाल | कि.मी. | २३,१००० | ४०,६०० |
| झोलुंगे पुल निर्माण | संख्या | १०,५०८ | १४,००० |
| सडक पुल निर्माण | संख्या | ६८५ | १२०० |
| सडक पुगेको गापा/नपा केन्द्र | संख्या | ७३२ | ७५३ |
| पक्कि सडक पुगेको गापा/नपा केन्द्र | संख्या | ५३२ | ७५३ |
| सडक सुरक्षा लागु भएको ग्रामिण सडक | कि.मी. | - | १७५० |
| विभिन्न पूर्वाधार कार्यक्रमबाट थप रोजगारी सिर्जना | श्रम दिन (लाख) | - | १७५ |
| आधारभूत सरसफाई सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ९५.५ | ९९ |
| सुरक्षित रुपमा व्यवस्थित सरसफाई सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ६१ | ६५ |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| प्रशोधन सहितको ढल / मानव मल मुत्र जन्य फोहोर व्यवस्थापन | प्रतिशत | २.३४ | ३० |
| लैगिक विकास समानता, सामाजिक न्याय तथा समावेशी समाज | | | |
| लैंगिक विकास सूचकांक | सूचकांक | ०.८८५ | ०.९६७ |
| लैंगिक सशक्तीकरण मापन सूचकांक | सूचकांक | ०.४६ | ०.५९ |
| सामाजिक सशक्तीकरण सूचकांक | सूचकांक | ०.५८ | ०.६५ |
| जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिँसा पिडित महिला | प्रतिशत | २३.४ | २०.० |
| **महिला प्रतिनिधित्व**<br>संघीय संसद<br>प्रदेश सभा<br>स्थानीय तह | प्रतिशत | <br>३३.६<br>३४.५<br>४०.९ | <br>४०<br>४०<br>४५ |
| सार्वजनिक सेवामा महिला प्रतिनिधित्व | प्रतिशत | २९.५ | ३५ |
| घर वा जग्गा वा घरजग्गामा स्वामित्व पुगेको महिला | प्रतिशत | २३.८ | ३५ |
| श्रम शक्तिमा महिलाको श्रम सहभागिता दर | प्रतिशत | २६.३ | ३५ |
| सार्वजनिक सेवाका नीति निर्माण पदमा महिलाको सहभागिता | प्रतिशत | १३.७ | २० |
| सबै तहका सरकारमा लैंगिक उत्तरदायी बजेटको अनुपात | प्रतिशत | ४० | ५० |
| सामाजिक सुरक्षामा आबद्ध ज्येष्ठ नागरिक | प्रतिशत | ९० | १०० |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | संख्या | २२५ | ७५३ |
| मानव बेचबिखन पिडित प्रभावितहरुका लागि पुनर्स्थापना केन्द्र संचालन भएका जिल्ला | संख्या | १० | १५ |

Aayog Tayari

| सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|
| महिनावारीको समयमा आवश्यक सामग्रीको उपलब्धता र स्वच्छतासहितको शौचालयको व्यवस्था भएका विद्यालय | प्रतिशत | - | ८० |
| पछिल्लो १२ महिनामा महिनावारीको कारणबाट विद्यालय र कार्यस्थलमा अनुपस्थित भएका महिला | प्रतिशत | ९.४ | ४ |
| गरिबी तथा असमानता न्यूनीकरण र समतामुलक समाज निर्माण | | | |
| गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | २०.३ | १२ |
| मानव विकास सूचकांक | सूचकांक | ०.६०१ | ०.६५० |
| लैंगिक विकास सूचकांक | सूचकांक | ०.८८५ | ०.९६७ |
| उपभोगमा आधारित जिनी गुणक | सूचकांक | ०.३० | ०.२८ |
| माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (पाल्मा अनुपात) | सूचकांक | १.३ | १.२ |
| प्रभावकारी सार्वजनिक वित्त व्यस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि | | | |
| बार्षिक राजश्व वृद्धिदर | प्रतिशत | -१०.२ | १२.४ |
